मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

# विज्ञप्ती

मिति २०८३ साल भाद्र १० गते भोटेकोशी नदीमा आएको भिषण बाढीको कारणले सिङ्गो मुलुक शोकमा डुबेको छ। उक्त प्रलयकारी विपत्तिमा रसुवा, नुवाकोट र धादिङ लगायतका क्षेत्रमा सयौं मानिसले ज्यान गुमाएका छन् । सयौं मानिसहरु सम्पर्क बिहीन भएका छन् भने सयौंका संख्यामा घाइते भएका छन्। यस दु:खद घडीमा मण्डनदेउपुर नगरपालिका काभ्रेपलाञ्चोक, मृतक आत्माको चिर शान्तिको कामना गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछ।

मण्डनदेउपुर नगर कार्यपालिका, काभ्रेपलाञ्चोकको मिति २०८३ साल भाद्र ११ गते बसेको ७५औं कार्यपालिका बैठकको निर्णय बमोजिम विपद्ग्रस्त क्षेत्रमा भईरहेको उद्धार, घाइतेहरुको उपचार तथा मृतक र बेपत्ता व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने कार्यमा सहयोग पुर्याउन यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरुको एकदिनको पारिश्रमिक तथा सेवा सुविधा कट्टा गरी प्रधानमन्त्री दैवी उद्धार राहत कोषमा जम्मा गर्ने साथै प्रभावित क्षेत्रको पुन:निर्माण तथा पुन:स्थापनाको लागि नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन कोषबाट रु. १५,००,००० (रु. पन्ध्र लाख) राहत उपलब्ध गराउने निर्णय भएको व्यहोरा जानकारी गराउन चाहन्छौं । यस्ता प्रकारको प्राकृतिक विपत्तीको सामना गर्न सम्बन्धित सबै पक्षलाई आ-आफ्नो क्षेत्रबाट आफ्नो क्षमता अनुसारको सहयोगमा जुट्नको लागि समेत हार्दिक अपिल गर्दछौं ।

मिति:२०८३/०५/११

०५/११

टोक बहादुर वाईबा

टोक बहादुर वाईबा
नगर प्रमुख